जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ४३ २०८१ साल भदौं २१ गते शुक्रबार (6 Sep. 2024 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : उद्धारपछि स्वदेशमै... ३ पृष्ठमा : 'विद्युत विधेयकले निजी क्षेत्रका.. ३ पृष्ठमा : हत्या गरिएकी चिकित्सकका लागि ...




# यूवकको मृत्युले अस्पताल तनावग्रस्त



**दैनिक समाचारदाता**
**राजविराज, २० भदौं ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका लागि पुगेको एक युवकको केही मिनेटमै मृत्यु भएपछि बिहीबार अस्पताल तनावग्रस्त भएको थियो ।

चिकित्सकको लापरवाहीले मृत्यु भएको भन्दै आफन्तले प्रदर्शनसहित अस्पताल बिरुद्ध चर्को नाराबाजी गरेपछि अस्पतालमा तनावग्रस्त बन्न पुगेको हो ।

घटना विवरण अनुसार सप्तरीको विष्णुपुर गाउँपालिका ४ कनकट्टाका २० वर्षिय मो. मनिर मियाँ दिउँसो ३ बजेतिर आमा हसिनासँगै उपचारका लागि अस्पतालको आकस्मिक कक्षमा पुगेका थिए । छातीमा निकै असहज भएपछि मो. मनिरलाई तत्कालै चिकित्सकले बेडमा राखी सुई लगाएर अन्य उपचार बिधिको तयारी गर्दै थियो । तर, थपउपचार बिधिको प्रयोग नहुँदै उनको मृत्यु भयो । उनी केही दिनदेखी ज्वरो, रुघाखोकी र श्वासप्रश्वास समस्याले बिरामी थिए । उनले अन्यत्र पनि उपचार गराइरहेका थिए ।

उपचारकै क्रममा मृत्यु भएपछि मृतकका परिवारले उपचारमा संलग्न चिकित्सकको लापरवाहीका कारण आफ्नो मान्छेको मृत्यु भएको दाबी गर्दै हो-हल्ला र बिरोध प्रदर्शन सुरु गरे । यता जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले प्रदर्शन उग्र बन्दै गएपछि सुरक्षाका लागि ठूलो संख्यामा प्रहरी परिचालन गरि स्थिति साम्य पारेको बताए ।

यस्तै असुरक्षा महसुस गर्दै आकस्मिक कक्षका स्वास्थ्यकर्मीहरु समेत त्यहाबाट बाहिरिएका थिए । सुरक्षाकर्मीले स्थिति साम्य पारेपछि उनीहरुलाई काममा फर्केका थिए ।

यता मृतकका आमा हसिनाले ६ दिनपछि छोरा मनिर बैदेशिक रोजगारीका लागि साउदी अरेबिया जाने तयारीमा रहेको बताइन् । सोका लागि मनिरले हवाई टिकट पनि काटिसकेको थियो । केही दिनयता प्राइभेट क्लिनिकमा उपचार गराउँदै आएको भएपनि छोराको अवस्थामा सुधार नआई स्वास्थ्य अवस्था झनै कमजोर बन्दै गएपछि अस्पताल पुगेको आमा हसिनाले बताइन् । तर अस्पताल पुगेको १५ मिनेटमै छोराको मृत्यु भएको उनको भनाई छ ।

यस्तै अस्पताल प्रशासनले छातीमा संक्रमण देखिएका

*बाँकी अन्तिम पृष्ठमा*

# पोखरीमा डुबेर तीन बालकको मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, २० भदौं ।**

मावलीघरमा भोज खान आएका तीन बालकको पोखरीमा डुबेर मृत्यु भएको छ ।

धनुषाको लक्ष्मीनिया गाउँपालिका वडा नं ७ लक्ष्मीनियामा रहेको पोखरीमा डुबेर बुधबार साँझ उनीहरूको मृत्यु भएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक सोनुकुमार साहले जानकारी दिएका छन् ।

मृत्यु हुनेमा १० वर्षीय आदित्यकुमार साह, नौ वर्षीय आयुष साह र १४ वर्षीय सुशान्त साह रहेका छन् । मावलीतर्फका हजुरबुबा महावीर साहको घरमा भोज खान आएको बालकहरू नजिकैको पोखरीमा पौडी खेल्न जाँदा डुबेको आशङ्का गरिएको छ । मृतक बालकहरू साहका तीनवटा छोरीका छोरा रहेको बताइएको छ ।

साँझ करिब ७:३० बजेतिर पोखरीमा बालकको शव भेटिएको र सबै जना भोजमा व्यस्त रहेका बेला पौडी खेल्न गएका बेला मृत्यु भएको हुनसक्ने आशङ्का गरिएको वडाध्यक्ष गङ्गा साहले जानकारी दिए ।

# आगो लगाएको भन्दै वहालवाला सशस्त्र प्रहरी समेतको संलग्नता कुटपिट : पीडित परिवार





**दैनिक समाचारदाता**
**राजविराज, २० भदौं ।**

सप्तरीको तिरहुत गाउँपालिका ३ गोईठीमा आगलागी घटना नियन्त्रणमा सघाएका एक परिवार माथी नै आगो लगाएको आरोप लगाउँदै कुटपीट गरिएको घटना सार्वजनिक भएको छ ।

प्रहरीबाट तथा गाउँमा कतै कुनै सुनवाई नभएपछी पीडित परिवार न्याय खोज्दै अधिकारकर्मी र सञ्चारकर्मी माझ पुगेपछी घटना सार्वजनिक भएको हो ।

पीडित परिवारले घटनामा वहालवाला सशस्त्र प्रहरी समेतको संलग्नता रहेकाले प्रहरीले जाहेरी दर्ता गर्न आलटाल गर्दा न्याय पाउन ढिलाई भएको गुनासो समेत गरेका छन ।

घटना विवरण अनुसार गोइठीस्थित कंकालिनी सहकारी संस्था लि.मा कृष्णाष्टमीका दिन आगलागी भएको थियो । स्थानीय महेन्द्र मेहताद्वारा संचालित सो सहकारी संस्थामा राती १२ बजे तिर अचानक आगलागी भएको थियो ।

सोही समय कृष्णाष्टमीको अवसर पारेर गाउँ मै आयोजना गरिएको अष्ट्यामा सहभागी भई फर्कदै गरेका सोही वडा निवासी ६८ वर्षिय बलराम मेहता र उनका ३६ वर्षिय छोरा राजकुमार पनि आगो निभाउन खटिएका थिए । आगो लागेको बारे बलरामका छोरा राजकुमारले नै प्रहरीलाई खबर गरेपछी प्रहरी र स्थानीयवासी समेत मिलेर १ घण्टाको प्रयास पछी आगो नियन्त्रणमा लिएका थिए ।

आगो निभाइएपछि प्रहरीले घट्ना मुचुल्का तयार गरी फर्के । तर, एक घण्टा पछी सहकारीका संचालक महेन्द्रका भाई विरेन्द्र ( सशस्त्र प्रहरी सई) तथा दाजु जोगेन्द्र (शिक्षक) सहित आएका एक समुहले "पुरानो रिसइवी साध्न तिमीहरुले नै आगो लगाएको" भन्दै घरेलु हतियारबाट परिवार माथी नै अन्धाधुन्द आक्रमण गर्न थालेको र घाईते बनाई हिडेको पीडित मध्येका एक बलराम मेहताको भनाई छ ।

उनले कुटपीटबाट आफूसँगै पत्नी कमलवती, छोरा राजकुमार, १० वर्षिया नातिनी पार्वतीसमेत घाईते भई उपचारका लागी धरानस्थित विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना भएको बताए ।

*बाँकी तीन पृष्ठमा*

# विद्यालयप्रति लगाइएको आरोपहरु कपोकल्पित : व्यवस्थापन समिति

**दैनिक समाचारदाता**
**राजविराज, २० भदौं ।**

सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. १ प्रसाहीस्थित श्री जनता आधारभुत विद्यालयको विषयमा लगाइएको आरोप निराधार, कपोकल्पित र झुठो भएको दाबी गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ब्रहमदेव यादव र प्रधानाध्यापक नरेश कुमार यादवले बिहीबार एक संयुक्त विज्ञप्ति जारि गर्दै ती आरोपहरुप्रति गम्भिर ध्यानाकर्षण भएको समेत जनाइएको छन् ।

गत बुधबार भदौं १९ गते पब्लिक खबर २४ ले विद्यालयका प्रअसँग लिएको अन्तरवार्तालाई पूर्णरुपमा प्रस्तुत नगरि आफ्नो अनुकुल प्रशारण गरेको भन्दै उक्त समाचारप्रति आपत्ति जनाइएको विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा विद्यालय व्यवस्थापन समिति शिक्षा ऐन अनुसार गठन भएको, शिक्षक छनौट प्रक्रियाबाट र विज्ञहरु तथा शिक्षा कार्यालयको प्रतिनिधिको रोहबरमा परिक्षा लिई शिक्षक छनौट गरी शिक्षक नियुक्त गरेको उल्लेख छ ।

उक्त मिडियामा विद्यालय, व्यवस्थापन समिति र शिक्षकप्रति अपशब्द प्रयोग गरेको जनाउँदै शिक्षिका आशा कुमारी यादवलाई जथाभावी प्रश्न गरेको भन्दै ती शब्दहरुप्रति विद्यालय परिवारले घोर भर्त्सना समेत गरेको छ ।

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असहय पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

## सम्पादकीय ....

# सुर्तीजन्य पदार्थ विरुद्ध ठोस नीति आवश्यक

सूर्तीजन्य पदार्थको प्रयोगकर्ताको संख्या बढ्दै गएको छ। खासगरी युवावर्ग सूर्तीजन्य पदार्थको सेवनको दायरा भित्र अत्यधिक परेका छन्। सूर्तीजन्य पदार्थ सेवनबाट विभिन्न खाले भयावह रोग लाग्ने र अन्तः मृत्युवरण गर्नुपर्ने थाहा हुँदै पनि यसको प्रयोगकर्ताहरुमा कमी भने आउन सकेको छैन। विद्यालयका कलिला छात्रहरु पनि सूर्तीजन्य पदार्थको प्रयोगकर्ता हुनु हाम्रा लागि चिन्ताको विषय हो। युवा र बालबालिकालाई यस हानिकारक सूर्तीजन्य पदार्थको सेवनबाट टाढा राख्न जरुरी छ। यसका लागि सरकारी तथा गैरसरकारी तवरबाट अनेकन प्रयासहरु नभएका होइनन्। तर, यसको प्रयोगमा कमी भने आउन सकेको छैन। कतिपय विज्ञहरुले सूर्तीजन्य पदार्थमा धैरै मात्रामा कर वृद्धि गरियो भने यसको सेवनमा कमी आउँछ। तर, समस्याको समाधान यसले मात्र गर्न भने सक्दैन।

हाम्रो मुलुकमा सूर्तीजन्य पदार्थहरु सामान्यजनको पहुँचमा छ। जुनसुकै पसलहरुमा पनि सूर्तीजन्य पदार्थ सजिलै किन्न पाइन्छ। सरकारले कानून बनाए पनि हरेक उमेर समूहका व्यक्तिले सहज रुपमा सूर्तीजन्य पदार्थ किन्न सक्दछन्। जसले गर्दा यसको सेवनकर्ताको संख्या दिनानुदिन बढ्दै गएको छ। सूर्तीजन्य पदार्थ, चुरोट, विडी, खैनी, गुटखा आदि रुपहरुमा बजारमा प्रशस्तै पाइने गरेको छ। अहिले सूर्तीजन्य पदार्थ सेवन नसर्ने रोग अन्तर्गत गम्भीर रोगका रुपमा बिकासित हुँदै गएको छ। नेपालमा राजश्व पनि यसैबाट उल्लेखीय मात्रा संकलन हुँदै आएको छ।

तसर्थ तीनै तहका सरकारहरुले सूर्तीजन्य पदार्थमा अत्यधिक कर लगाएर यसको बिक्री वितरणको समेत मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन जरुरी छ। अन्यथा हाम्रा युवा तथा बालबालिका सूर्तीजन्य पदार्थको चपेटमा यसरी नै परिरहन्छन्।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# उद्धारपछि स्वदेशमै आत्मनिर्भर बन्दै बेचिएका चेलीहरु

*- सुशील दर्नाल*

काठमाडौं, २० भदौ (रासस)।

धादिङकी उर्मिलाको फेसबुकमा एक जना नचिनेको मान्छेले अनुरोध पठायो। उर्मिला आफूले नचिनेको भए पनि उसले आफूलाई चिनेको होला भनेर अनुरोध स्वीकार गरिन्। फसबुकमा साथी बनेपछि कुराकानी हुँदै गयो। कुराकानी हुँदै गर्दा एक दिन रमेश नाम बताउने ती व्यक्तिले उर्मिलालाई कत्ति पनि पैसा नलिइ कुवेत पठाइदिने प्रलोभन देखाए। घरको आर्थिक अवस्था कमजोर भएकी उर्मिलाले कुवेत जाने निधो गरिन्। तर उनले घरमा कसैलाई पनि थाहा नदिइकन रमेशसँग भारत हुँदै कुवेत जानका लागि घरबाट निस्किन्।

रमेशले कुवेत भनेर आफूलाई भारतको बेश्यालयमा लगेर बेचिसकेको कुरा उर्मिलालाईपछि मात्रै थाहा भयो। केही महिनापछि उर्मिला त्यस ठाउँबाट भाग्न सफल भइन्। त्यसपछि उनी नेपाल फर्किएर अहिले गलैंचा बुन्ने कारखानामा काम गर्छिन्। त्यसैगरी सिन्धुपाल्चोककी सुनिताका दुई ओटी आमा छन्। बाबुले अर्की आमा बिहे गरेर छुट्टै बस्छन् तर सुनिता, उनकी आमा र दुई भाइलाई हेर्दैनन्। सुनिताले घरको दुःख देखेर १० कक्षा पढ्दापढ्दै साथीको लैलैमा कामको खोजीमा काठमाडौं छिरिन्। सुनिता काठमाडौं छिरेको पनि आज छ वर्ष भयो। यो छ वर्षको बीचमा सुनिताको जीवनमा धेरै उतारचडावहरु आए।

आफू पालिन र घरमा भाइहरुलाई पाल्नका लागि उनले होटलमा भाडा माझ्नेदेखि घर बनाउने ठाउँमा मजदूरको कामसमेत गरिन्। घर बनाउने ठाउँमा मजदूरी गर्दैगर्दा सुनिताको एक दलालसँग भेट भयो, बोलचाल चिनजान भयो र कुराकानी हुँदैजाँदा ती दलालले सुनितालाई वैदेशिक रोजगारीमा पठाइदिने प्रलोभन देखाए। महिनामा एक लाखसम्म तलब पाउने कतारको एक कम्पनीमा काममा लगाइदिने दलालले प्रलोभन देखाएका थिए। जानका लागि लाग्ने खर्च पछि तिर्ने शर्तमा ती दलालले कतार पठाउने भनेका थिए।

रवस्सुनितालाई होला त नि भन्ने लाग्यो। त्यही दलालको लैलैमा उनी भारत हुँदै कतार जाने भइन्। ती दलालले भारत लगेर आठ दिनसम्म आफूसँगै होटलमा राखे। त्यसपछि सुनितालाई भारतको वेश्यालयमा लगेर बेचिदिए। सुनितालाई आफू बेचिएको भन्ने थाहै थिएन। पछि मात्रै थाहा भयो। भारतमै काम गर्ने एक आफन्तको सहारामा उनी नेपाल फर्किन सफल भइन्। अहिले सुनिताले सीप सिकेर काठमाडौंमै सिलाई पसल खोलेकी छन्। उनले आमा र दुई भाइबहिनीलाई पाल्ने गरी आम्दानी गर्न सकेकी छन्।

त्यसैगरी नुवाकोटकी उजेलीलाई कुनै दिन यस्तो लाग्थ्यो कि विदेश जान पाइयो भने त जति पनि पैसा कमाउन सकिन्छ। चालीस वर्षकी उजेलीले गत साल विदेश जाने निर्णय गरिन्। तर दलालले भारत हुँदै कुवेत पुऱ्याउने भनेर भारतको बेश्यालयमा पुऱ्यायो। "घरमा श्रीमान् जहिल्यै रक्सी खाने, केही काम पनि नगर्ने, पैसा पनि नकमाउने, चार छोराछोरी पाल्न पनि गाह्रे भएको थियो। एकपटक म आफैं भए पनि विदेश गएर पैसा कमाएर ल्याउँछु भन्ने सोचले हुन्छ त नि विदेश जान्छु भनिहालें तर दलालले भारत लगेर बेश्यालयमा पुऱ्यायो", उनले सुनाइन्। तर आफन्तको सहारामा नेपाल फर्किएपछि भने अहिले उजेलीको जीवन फेरिएको छ।

नेपाल आएपछि उनले ऋण/धन गरेर कुखुरा फार्म खोलेकी छन्। त्यही कुखुरापालनबाटै उनले आफन्तसँग लिएको ३० हजार रुपैयाँ पनि तिरिसकेकी छन्। अहिले उजेलीको कुखुरा फार्ममा ४० वटा बोइलर खुकुरा छन्। उजेलीले भनिन्,"इन्डियामा तीन महिना बस्दा नर्कको जीवन जीउन बाध्य भएकी थिएँ, तर अहिले मलाई यहाँ स्वर्ग जस्तै लागेको छ, आफ्नै घरमा कुखुरा पालेर खेतीपाती गरेर छोराछोरीलाई स्कुल पढाउन, खान र लाउन पुगेकै छ।"

उजेलीका दुई भाई छोरा कलेज पढ्ने भएका छन्। दुई बैनी छोरीहरु भने स्कूलमा पढ्दैछन्। "महिला भएर खाली विदेश विदेश मात्र भनेर नहुँदो रहेछ, आफू जान्ने बुझ्ने नभएपछि दलालको हातमा परिँदोरहेछ, त्यो दलालले मैले ऋण काडेर दिएको ९० हजार रुपैयाँ पनि खाइदियो, त्यो ९० हजारले बरु घरमै कुखुरा/बाख्रामा लगानी गरेको भए अहिले कति फाइदा हुँदो रहेछ, अब त म कसैले सित्तैमा लैजान्छु भने पनि जान्न", उनले भनिन्।

उनी विदेशबाट फर्किएर कुखुरा फार्म खोलेपछि अहिले उनका श्रीमान् पनि सुध्रिएका छन्। जाडरक्सी खान छोडेका छन्। अहिले श्रीमान् हरिराम पनि खेतबारीमा तरकारी खेती गर्नमै व्यस्त छन्। हरिराम अहिले खेतबारीमा सिमी, बोडी, धिरौला, करेलालगायतका तरकारी उत्पादन गरेर बजारसम्म पुऱ्याउँछन्। "अहिले त जे गरे पनि हामी बुढाबढी सरसल्लाह गरेर मात्रै घर व्यवहार चलाएका छौँ, उहाँ पनि अहिले त खेतबारीमै व्यस्त हुनुहुन्छ, अरु भन्दापनि बुढाले रक्सी जाँड छोडेर घरमा समय दिएकोमा खुसी लाग्छ", उजेलीले सुनाइन्।

रोजगारीको सिलसिलामा दलालले भारत लैजाने क्रममा झापाको विर्तामाडबाट माइती नेपालको उद्धारपछि उजेली जस्तै रामेछापकी कमला पनि अहिले आफ्नै व्यवसाय सुरु गरेकी छन्। "म पनि त्यही विदेश जाने चक्करमा दलालको हातमा परेको रहेछु, धन्न माइती नेपालले बचाएर ल्यायो, मलाई त पछि अरुले भनेपछि मात्रै थाहा भयो, भारतमा लगेर नराम्रो काममा लगाउने रहेछ भनेर", कमलाले सुनाइन्। सिन्धुपाल्चोककी सावित्राले अहिले सिलाइबुनाइको पसल खोलेकी छन्। अहिले कमलाको हातमा सीप र पैसा दुवै छ। विहे गरेको तीन वर्षमा श्रीमानले अर्को बिहे गरेपछि भौंतारिएर विदेश जाने चक्करमा लागेकी कमलाले अहिले आफ्नै पसलबाट महिनामा रु २५/२६ हजार कमाई गर्छिन्। उनले अहिले आफूले कमाएको पैसाबाट बचत गरेर सहकारीमा समेत जम्मा गर्ने गरेकी छन्।

यसरी विदेश जाने लैलैमा दलालको हातबाट फुत्किएर आफ्नै देशमा सीप सिकेर आत्मनिर्भर बन्ने उर्मिला, सुनिता, उजेली र कमला उदाहरण मात्रै हुन्। विदेशमा महिनामा दुई/तीन लाख रुपैयाँ कमाई हुन्छ भन्दै ललाइफकाई गरी भारत लैजाने क्रममा विभिन्न नाकाबाट उद्धार गरिएका महिलाहरु आफ्नै देशमा उद्यम गर्ने धेरै महिला छन्। अहिले उनीहरु विदेश जानभन्दा स्वदेशमै केही सीप सिकेर आफू आत्मनिर्भर हुन गाउँका अन्य महिलाहरुलाई सल्लाहसुझाव दिने भएका छन्। पछिल्लो समयमा मानव बेचबिखनको मुख्य कारण अशिक्षा र रोजगरी, घरेलु हिंसा, घरमा श्रीमान र उनका परिवारले हेला गर्ने, कुटपिट गर्ने र छोराछोरी लिएर अलग बस्ने बाध्यता भएका महिलाहरू नै बढी शिकार हुने गरेका छन्। हिंसामा परेकाहरू सधैं अवसरको खोजीमा हुन्छन्। उनीहरूलाई कसैले प्रलोभनसहित अवसर देखायो भने ती महिलाहरू चाँडै त्यस्ता दलालको पञ्जामा पर्ने गरेको पाइन्छ।

पछिल्लो समयमा बन्धक बनाइएका धनुषाका सात र सिरहाका २१ गरी (२४ देखि ६० वर्षसम्मका) जम्मा २८ पुरुषका सम्बन्धमा भारतीय गैरसरकारी संस्था किन इन्डियामार्फत जानकारी हुन आएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव दिनेश भट्टराईले जानकारी दिनुभयो। मन्त्रालयको अग्रसरता र नेतृत्वमा एवं भारतस्थित नेपाली राजदूतावाससँगको समन्वय तथा किन इन्डियाको प्राविधिक सहयोग र सहकार्यमा ती पीडित/प्रभावितहरुलाई उद्धार गरी जनकपुर, धनुषा ल्याइएको जनाइएको छ। मानव बेचबिखनबाट पीडित र प्रभावितहरुको उद्धार गरी र संरक्षण कार्यलाई मन्त्रालयले सदैव उच्च प्राथमिकतामा राखेको छ।

माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोइरालाले पछिल्लो समय सञ्चार, सूचना र प्रविधिको विकासका कारण मानव बेचबिखन तथा ओपसार गर्ने स्वरुपमा परिवर्तन आएको बताउनुभयो। "पहिलापहिला मानिससँग आफ्नो फोन हुँदैन थियो, गाउँका साझासाझा महिला बढी बेचबिखनमा पर्ने गर्थे, तर अहिले सबैको हातहातमा फोन छ, प्रविधिको विकास भएको छ, त्यसैले सहरमा बस्ने एकदम टाठाबाठा पनि नजानिदो तरिकाले बेचिन पुगेका छन्, यो हाम्रा लागि पनि चुनौती हो", उहाँले भन्नुभयो। उहाँले शङ्कास्पद व्यक्ति र जोखिममा रहेका व्यक्तिहरूको बारेमा निगरानी राख्ने परामर्श दिने र आवश्यकताअनुसार सम्बन्धित निकायसँग समन्वय गर्ने गरी सबै निकाय सक्रिय भएको खण्डमा मानव बेचबिखन तथा ओसारपसारलाई न्यूनीकरण गर्न सकिने तर्क गर्नुभयो।

नेपालले मानव बेचबिखनलाई गम्भीर अपराधको रूपमा स्वीकार गरेको छ। यससम्बन्धी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानव बेचबिखन तथा ओसारपसारलाई स्पष्ट परिभाषित गरेको छ। तर त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको मानव बेचबिखन रोकथाममा सक्रिय अभियान्ता रेणु सिजामतीले बताउनुभयो। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ सँगै वैदेशिक रोजगार ऐन २०६४, अध्यागमन ऐन २०४९, बाल श्रम (निषेध र नियन्त्रण) ऐन २०५६, श्रम ऐन २०७४, कानुनी सहायता ऐन २०५४, पारस्परिक कानुनी सहायता ऐन २०१४, राहदानी ऐन २०७४, सङ्गठित अपराध निवारण ऐन २०७०, मुलुकी अपराध संहिता, २०७४ सङ्गठित अपराध निवारण ऐन २०७०, कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० लगायतका कानुनको समेत प्रभावकारी कार्यान्वयन नसक्दा पनि मानव बेचविखनले प्रशय पाएको छ।

मानव बेचविखनलाई न्यूनीकरण गर्दै अन्त्य नै गर्नका लागि सरकारले बेचबिखन रोक्न समाजमा चेतना फैलाउनुका साथै विद्यालयदेखि नै बालबालिकालाई त्यसका बारेमा शिक्षित गराउन पाठ्यक्रममै समावेश गर्न जरुरी देखिन्छ। पाठ्यपुस्तकमा समावेश गरेर आफू कसरी बच्ने र अरुलाई पनि कसरी बचाउने भन्ने कुरा सिकाउनका लागि सम्बन्धित मन्त्रालय लागि पर्नुपर्ने देखिन्छ। महिला मन्त्रालयले मानब बेचबिखनसँग सम्बन्धित ऐन/कानुनको प्रभावकारी कार्यान्वयनसँगै सामूहिक रुपमा मानव बेचबिखनको जोखिममा रहेका समुदाय र क्षेत्र पहिचान गरी मानब बेचविखन रोकथामका लागि अन्तरक्रिया, सडक नाटक, ऱ्याली, घरदैलो जस्ता कार्यक्रम समेत गर्न जरुरी देखिन्छ।

मानव बेचबिखनविरुद्ध क्रियाशील सरकारी र गैरसरकारी सङ्घ-संस्थाहरूसँग समन्वय गर्दै मन्त्रालयले पीडित प्रभावितलाई आवश्यक सहयोग र परामर्श पनि प्रदान गर्नुपर्ने हुनछ। मानव बेचबिखनका मुद्दा अनुसन्धान गर्ने प्रहरीलाई त्यसका बारेमा अझै धेरै ज्ञान दिने र उनीहरूलाई बेचबिखनसम्बन्धी अपराधको गाम्भीर्यता बुझाउने र भारतीय सीमा नाकाहरुमा सङ्घ संस्था र नागरिक समाजसँग मिलेर निगरानीलाई अझै प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिन्छ।

# 'विद्युत विधेयकले निजी क्षेत्रका समस्यालाई सम्बोधन गर्नेछ'

काठमाडौं, २० भदौ (रासस)।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले विद्युत् विधेयकले निजी क्षेत्रका समस्यालाई सम्बोधन गर्ने बताउनुभएको छ। स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इप्पान) सँग बिहीबार मन्त्रालयमा भएको भेटमा उहाँले निजी क्षेत्रले राखेका मागलाई सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

"निजी क्षेत्रको सहभागिताबिना मुलुकमा ऊर्जा क्षेत्रको विकास हुन सक्दैन, विद्युत् विधेयकले निजी क्षेत्रका समस्या सम्बोधन गर्नेछ", मन्त्री खड्काले भन्नुभयो। उहाँले निजी क्षेत्रसँग समन्वय गर्न उक्त विधेयकमाथि सरोकार भएका निकायबीच निरन्तर छलफल भइरहेको जानकारी दिनुभयो।

निजी क्षेत्रका समस्या समाधानसँगै विचार समेटेर जाने उद्देश्यले हालसम्म उक्त विधेयकलाई संसद्मा नलगिएको मन्त्री खड्काले बताउनुभयो। उहाँले आगामी १० वर्षभित्र भारतमा १० हजार र बङ्गलादेशमा पाँच/छ हजार मेघावाट विद्युत् बिक्री गर्ने तथा चीनमा पनि केही विद्युत् बिक्री गर्ने विषयमा पनि अध्ययन भइरहेको उल्लेख गर्नुभयो।

ऊर्जामन्त्री खड्काले मर्मतसम्भारमा प्रयोग हुने मेसिनरी उपकरणलाई भन्सार छुट नदिएपछि आयोजना महँगो हुँदै गएको बताउनुभयो। उहाँले निःशुल्क विद्युत्को वितरणको विषय पनि आइरहेकाले यसको मारमा साना आयोजना पर्ने उल्लेख गर्नुभयो। "एकातर्फ विद्युत् आयोजनाको लागत उच्च छ, त्यसमाथि निःशुल्क वितरणको विषय सम्भव देखिँदैन", उहाँले भन्नुभयो।

ऊर्जा सचिव गोपालप्रसाद सिग्देलले बाढीपीडित आयोजनाले भन्सार छुटसहित अन्य सुविधा पाउने विषय अर्थ मन्त्रालयसँग जोडिएकाले ऊर्जा मन्त्रालयले सिफारिस गरे पनि अर्थ मन्त्रालयले सहमति नदिएको बताउनुभयो। उहाँले तीन करोड जनतालाई लाभ हुने क्षेत्र ऊर्जा भएकाले यसको द्रुत विकास हुनु आवश्यक रहेको उल्लेख गर्नुभयो।

मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रवल अधिकारीले जलविद्युत् आयोजनामा विस्फोटक पदार्थको अभाव, वित्तीय व्यवस्थापनमा ढिलाइ, वित्तीय व्यवस्थापन भए पनि रकम निकासा हुन नसक्नुलगायत कारणले पनि निर्माणमा ढिलाइ भएको बताउनुभयो। उहाँले सरकार 'पेनाल्टी' लिएर धनी नहुने भएकाले 'आरसीओडी'को म्याद थप गर्ने विषयमा मन्त्रालय सकारात्मक रहेको उल्लेख गर्नुभयो।

भेटमा स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इप्पान) का अध्यक्ष गणेश कार्कीले बाढीपीडितसम्बन्धी जलविद्युत् आयोजनाका माग चाँडो सम्बोधन गर्न आग्रह गर्नुभयो। उहाँले दैवी प्रकोप, विस्फोटक पदार्थको अभाव, रुस युक्रेन युद्धका कारण सामान आयातमा भएको अवरोध, वन तथा भूमिसँग सम्बन्धित समस्याका कारण तोकिएको समयमा कुनै पनि जलविद्युत् आयोजना पूरा हुन नसकेकाले अन्तिम व्यापारिक उत्पादन मिति थप गर्नुपर्नेमा जोड दिनुभयो।

अध्यक्ष कार्कीले चार वर्षदेखि रोकिएका करिब १३ हजार मेगावाट क्षमताका आयोजनाको विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) खुलाउनुपर्ने, जलवायु परिवर्तनका कारण हाइड्रोलोजीको समस्या बढ्दै गएकाले सबै आयोजनाको हाइड्रोलोजी पेनाल्टी खारेज गर्नुपर्ने, वन र भूमि सुधारका समस्या समाधान गर्नुपर्नेलगायत माग गर्नुभएको थियो।

# आठ महिनामा भित्रिए सात लाखभन्दा बढी पर्यटक

काठमाडौं, २० भदौ (रासस)।

सन् २०२४ को आठ महिनामा सात लाखभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन्। नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार वर्षको जनवरीदेखि अगस्त महिनासम्म सात लाख २० हजार तीन सय ३४ पर्यटकले नेपाल भ्रमण गरेका हुन्। बोर्डकानुसार अगस्तमा विदेशी पर्यटकको आगमन आठ दशमलव तीन प्रतिशतले बढेको छ। सो महिनामा मात्र ७२ हजार सात सय १९ पर्यटक नेपाल आएका छन्।

सन् २०२३ को अगस्तको तुलनामा यस वर्षको सोही अवधिमा पाँच हजार पाँच सय ६६ बढी पर्यटक नेपाल भित्रिएका हुन्। गत वर्ष कुल ६७ हजार एक सय ५३ जना पर्यटक आएकामा सन् २०२४ को अगष्टमा ७२ हजार सात सय १९ पर्यटक नेपाल भित्रिएका छन्। बोर्डका निर्देशक मणिराज लामिछानेले पछिल्ला दिनमा विदेशी पर्यटक आवागमनमा वृद्धि भइरहेको बताउनुभयो। उहाँले छिमेकी मुलुक भारत र चीनलक्षित पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइएकाले आगामी दिनमा छिमेकीसहित अन्य मुलुकबाट पनि उल्लेख्य सङ्ख्यामा पर्यटक आउने विश्वास व्यक्त गर्नुभयो।

बोर्डको आँकडाअनुसार अगस्तमा भारतबाट सबैभन्दा बढी २५ हजार आठ सय ३२, चीनबाट छ हजार छ सय १४, अमेरिकाबाट पाँच हजार छ सय १४, श्रीलङ्काबाट चार हजार आठ सय ५१ र बङ्गलादेशबाट तीन हजार ७७ पर्यटक नेपाल भित्रिएका छन्। सन् २०२२ को अगस्तमा ४१ हजार तीन सय चार, सन् २०२१ को सोही अवधिमा छ हजार ९३ र सन् २०१९ को अगस्तमा ९४ हजार सात सय ४९ जना विदेशी पर्यटक नेपाल आएका थिए।

**कुन महिनामा कति पर्यटक**

मार्च महिनामा सबैभन्दा बढी एक लाख ११ हजार तीन सय ७६ पर्यटक आएका छन् भने सबैभन्दा कम जुलाईमा ६४ हजार पाँच सय ९९ पर्यटकले नेपाल भ्रमण गरेका छन्। अप्रिलमा एक लाख ११ हजार तीन हजार ७६, जनवरीमा ७९ हजार एक सय, फेब्रअरीमा ९७ हजार चार सय २६, मेमा ९० हजार दुई सय ११, जुनमा ७६ हजार सात सय ३६ र अगस्तमा ७२ हजार सात सय १९ पर्यटक नेपाल आएका छन्।

**के छ पर्यटक बढाउने सरकारी योजना ?**

कोरोना महामारीपछि विदेशी पर्यटक आगमन निरन्तर बढिरहेको छ। सन् २०२३ मा १० लाख १४ हजार आठ सय ८५ पर्यटकले नेपाल भ्रमण गरेका थिए। सरकारले चालु आर्थिक वर्षको बजेटमा १६ लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य लिएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले 'पर्यटन रणनीति योजना (सन् २०१६-२५) र नेपाल भ्रमण दशकलाई कार्यान्वयनमा ल्याएर यस वर्ष १६ लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको हो। पर्यटकीय गन्तव्यको विकास, विस्तार तथा पहिचाकास्न, पदमार्ग निर्माण, पर्यटकीय उपजका बारेमा स्वदेश तथा विदेशमा प्रचारप्रसार तथा प्रवर्द्धनात्मक कार्यक्रम निरन्तर हुँदै आएको मन्त्रालयले जनाएको छ। पर्यटन बोर्डबाट एक सय पर्यटकीय गन्तव्यको पहिचान गरी पर्यटन विभागले पूर्वाधार निर्माणसमेत गरिरहेको छ।

# सङ्घीय निजामती विधेयक यथाशीघ्र पारित गर्नुपर्ने सुझाव

काठमाडौं, २० भदौ (रासस)।

सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि बिहीबारदेखि सैद्धान्तिक छलफल सुरु भएको छ। राज्य व्यवस्था तथा सुशासन समितिमा बिहीबार भएको छलफलमा उक्त विधेयक यथाशीघ्र पारित गर्नुपर्नेमा जोड दिइएको हो।

छलफलमा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले महत्वपूर्ण विधेयकलाई प्राथमिकतामा राखेर अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो। "कर्मचारीतन्त्रलाई थप व्यवस्थित गर्न यो विधेयक छिटो पारित गर्न आवश्यक छ", उहाँले भन्नुभयो।

समितिका सभापति रामहरि खतिवडाले कुनै पनि राजनीतिक दलको झल्को नदिइकन सबैको एकतामा विधेयक बनाउने प्रतिबद्धता जनाउनुभयो। बिहीबारको बैठकमा सांसद दुर्गा राईले राज्य सञ्चालनको मुख्य जिम्मेवारी निजामती कर्मचारीको हातमा रहेको भन्दै समयमा विधायन संशोधन हुन आवश्यक रहेकामा जोड दिनुभयो।

सांसद मेनुकाकुमारी पोखरेलले कर्मचारीमा देखिएका असमझदारीको बीचमा पनि छलफल गरेर ऐन संशोधन गर्न आवश्यक रहेकामा जोड दिनुभयो। सांसद प्रकाश अधिकारी निजामती कर्मचारीमा देखिएका समस्याका कारण कर्मचारीतन्त्र धेरै अस्तव्यस्त भएको भन्दै यसलाई सुधार गर्न आवश्यक रहेको बताउनुभयो।

सांसद चित्रबहादुर केसीले राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन र गलत गर्नेलाई दण्डित गर्नुपर्नेमा जोड दिनुभयो। "कार्यान्वयन गर्न नसक्ने सङ्घीय व्यवस्था केका लागि ? तल्लो तहलाई अधिकार प्रत्योजन गर्न किन सकिएको छैन ?", उहाँले प्रश्न गर्नुभयो।

सांसद बुद्धिमान तामाङले कर्मचारीतन्त्रमा राजनीतिकरण बन्द गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले कर्मचारीतन्त्रलाई बलियो बनाउन राजनीतिकरण अन्त्य गरी समन्वय र सहकार्यको वातावरण बनाउनुपर्ने बताउनुभयो।

सांसद अशोक राईले कर्मचारीमा वैचारिक आस्था रहे पनि दलको भातृ सङ्गठनको रुपमा जाने विषयलाई रोक्नुपर्नेमा जोड दिनुभयो। सांसद हृदयराम थानीले ऐन बनाएर मात्रै होइन कार्यन्वयनको पक्ष पनि बलियो हुनुपर्ने बताउनुभयो। सांसद कृष्णगोपाल श्रेष्ठले सङ्घीय शासन व्यवस्थालाई बलियो बनाएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

उहाँले परिस्थिति अनुकूल सुहाउने कर्मचारीतन्त्र आवश्यक रहेको भन्दै विधेयक संशोधन गर्न आवश्यक रहेको बताउनुभयो। मुख्य सचिव एकनारायण अर्यालले विधेयक ल्याउनका लागि ढिला भइसकेको भन्दै छिटो विधेयक पारित हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले सहकार्य, समझदारी र सहकारितामा आधारित भएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। "सेवाग्राहीमैत्री निजामती सेवा बनाउनुपर्ने आवश्यकता छ। कानुन निर्माण भए पनि कार्यान्वयनमा समस्या छ", उहाँले भन्नुभयो। समस्या समाधानतर्फ सबै एकजुट भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो।

***आगो ...***

सामान्य स्वास्थ्यलाभ पछी घर फर्केर पीडक विरुद्ध इलाका प्रहरी कार्यालय कंचनपुरमा पुगेर गत बिहिबार जाहेरी दरखास्त दर्ता गराउन खोज्दा प्रहरीले दुबै पक्षलाई राखेर केही दिन पछी समस्या समाधान गर्ने भन्दै दरखास्त दर्ता नगरी फिर्ता पठाइदिएको पीडित मेहता परिवारको गुनासो छ।

मेहता परिवारले पीडक पहुँचवाला भएकाले आफूहरुको जाहेरी दरखास्त दर्ता गर्न प्रहरीद्वारा आलटाल गर्ने गरिएको गुनासो गरेका छन। उनी न्यायका लागि डिमन प्रहरी चौकी, ६ नं.गण सशस्त्र प्रहरी बलको कार्यालय तथा इलाका प्रहरी कार्यालय कंचनपुरसम्म न्याय खोज्दै पुगेका छन। तर, अहिलेसम्म कतैबाट न्याय पाउन नसकेको उनको भनाई छ।

मेहता परिवारले पीडकहरुमाथी सरकारवादी फौजदारी अपराध मुद्दा अन्तर्गत कारवाही हुनु पर्ने माग गरेका छन। यता इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी महेन्द्र नेपालले मेहता परिवारबीच पहिलेदेखी नै जग्गाको अंशको विषयलाई लिएर विवाद रहेको बताए। सोही विवाद अहिले यहाँसम्म आइपुगेको हो, उनले भने "जाहेरी दर्ता भन्दा पुर्व एक पल्ट डिमन प्रहरी चौकीमा दुबै पक्षलाई राखी समस्या समाधानको प्रयास गर्छौं, त्यहाबाट पनि समाधान ननिस्के कानुन बमोजिम अघि बढ्छौं।"

## विश्व समाचार

# हत्या गरिएकी चिकित्सकका लागि मैनबत्ती जुलुसमा भारतीयहरूद्वारा न्यायको माग

कोलकाता, २० भदौ (रासस/एएफपी)।

चिकित्सकको बलात्कार र हत्या भएको करिब एक महिनापछि न्यायको माग गर्दै भारतीयहरूको विशाल भीडले मैनबत्ती लिएर बिहीबार बिहानै कोलकाताका सडकहरूमा जुलुस निकालेको छ। अगस्ट ९ मा कोलकाताको एक सरकारी अस्पतालमा ३१ वर्षीया चिकित्सकको रगतले लतपतिएको शव फेला परेपछि महिलाविरुद्ध हिंसाको दीर्घकालीन समस्यालाई लिएर मुलुकभर आक्रोश बढेको छ। चम्किरहेको मैनबत्ती र माटोको दियोमा लेखिएको एक सन्देशमा भनिएको छ, 'हामी न्याय चाहन्छौँ'। प्रदर्शनकारीहरूले बोकेका प्रतीकमा लेखिएको थियो, 'उज्यालो होस्, न्याय होस्'। उक्त नृशंस हत्याले सम्पूर्ण भारतमा विरोध प्रदर्शन सुरु भयो र महिलाहरूको सुरक्षा अवस्थाको माग गर्दै चिकित्सकहरूले बारम्बार हडताल गरिरहेका छन्। बाँकी भारतमा धेरै विरोध प्रदर्शन र हडताल शान्त भए पनि कोलकाता जस्तो विशाल सहरमा नियमित प्रदर्शनहरू जारी छन्। कोलकोताको जुलुसमा करिब एक लाख मानिसले भाग लिएको प्रहरीले बताएको छ। राजधानी नयाँदिल्लीमा पनि यस्तै सानो जुलुस आयोजना गरिएको छ। प्रदर्शनकारी रुबिना मुखर्जीले भन्नुभयो, "सम्पूर्ण मुलुकको हृदय छियाछिया भएको छ।" बुधबार साँझ अबेरसम्म हडतालमा रहेका सयौँ चिकित्सकसँगै हजारौँ मानिस भेला भएर विरोधमा मानव शृङ्खला बनाउन एकअर्काको हात समाइरहेका थिए। एक घन्टाका लागि बत्ती निभाइयो। सहरको एउटा ठूलो हिस्सा अँध्यारो भयो। प्रदर्शनकारीहरूले बलिरहेको मशाल बोकेर सहरको अँध्यारो आकाशलाई उज्यालो बनाइरहेका थिए। "न्याय नमिलेसम्म हामी बारम्बार रात बिताउनेछौँ", ३५ वर्षीया गृहिणी स्मिता रायले भन्नुभयो। महिलाहरूले भारतीय झन्डा फहराउँदै सामूहिक धर्ना दिएर सडक अवरुद्ध गरेकाले कोलकाताका सामान्यतया व्यस्त हुने मुख्य सडकहरूमा यातायात रोकिएको थियो। कहिलेकाहीँ भीडले क्रोधमा चिच्याउँदै 'वि वान्ट जस्टिस' भन्ने नारा लगाउँथे। तर मैनबत्तीहरू जलाउन सुरु गरेपछि त्यो नारा विस्तारै नरम गीत गाउनुअघि शान्त प्रतिबिम्बमा रोकिए। हत्या गरिएकी चिकित्सकका पिताले पनि शव फेला परेको अस्पतालबाहिरको जुलुसमा कुराकानी गर्नुभयो। उहाँले छोरीको हत्यापछि आफ्नो परिवारको 'छियाछिया भएको हृदय' र हत्याले कसरी 'मानसिक रूपमा स्तब्ध बनायो' भन्नेबारेमा बताउनुभयो। प्रदर्शनकारीहरूले हत्या गरिएकी चिकित्सकलाई 'अभया' उपनाम दिएका छन्। यसको अर्थ निडर हो। हत्याको आरोपमा एक व्यक्तिलाई हिरासतमा लिइएको छ तर अनुसन्धानको तरिकालाई लिएर पश्चिम बङ्गाल सरकारले सार्वजनिक आलोचनाको सामना गर्नुपरेको छ। आफ्नो परिवारमाथि छोरीको शवलाई चाँडोभन्दा चाँडो अन्त्येष्टि गर्न 'धेरै दबाब' दिइएको भन्दै पिताले आक्रोश व्यक्त गर्नुभयो। "हामी उनको शव राख्न चाहन्थ्यौँ, उनको अन्त्येष्टि गर्न के हतार थियो ? उनको मृत्यु रहस्यले ढाकिएको छ", उहाँले भन्नुभयो। बलात्कारीलाई मृत्युदण्ड दिनसक्ने मङ्गलबार पारित राज्यको एक कानुनलाई पनि उहाँले 'लोकप्रिय देखावटी' बाहेक केही नभएको भन्दै खारेज गर्नुभयो।

# युक्रेनसँग वार्ता गर्न रुस तयार छ : पुटिन

मस्को, २० भदौ (रासस/एएफपी)।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बिहीबार युक्रेनसँग वार्ता गर्न तयार रहेको बताउनुभएको छ। यसअघि कुर्स्क क्षेत्रमा किएभको आक्रमण जारी रहेको बेला वार्ताको विचारलाई उहाँले अस्वीकार गर्नुभएको थियो। युक्रेनले अगस्टमा रुसको कुर्स्क क्षेत्रमा अभूतपूर्व सीमा पार आक्रमण सुरु गर्‍यो र हजारौँ सैनिकलाई सीमापार पठाएर धेरै गाउँ कब्जा गर्‍यो। त्यस लगत्तै पुटिनले कुनै वार्ता हुन नसक्ने बताउनुभयो। भ्लाडिभोस्टक सहरमा रुसको पूर्वी आर्थिक मञ्चमा प्रश्नोत्तर सत्रमा उहाँले रुस वार्ताका लागि तयार रहेको तर सन् २०२२ मा इस्तानबुलमा मस्को र किएभका वार्ताकारहरूबीच रद्द भएको सम्झौताका आधारमा वार्ता हुने बताउनुभयो। सार्वजनिक नगरिएको उक्त सम्झौताका सर्तहरू कहिल्यै पूरा भएनन्। "के हामी उनीहरूसँग वार्ता गर्न तयार छौँ ? हामीले वार्ता गर्न कहिल्यै अस्वीकार गरेका छैनौँ तर केही अल्पकालीन मागहरूका आधारमा नभई इस्तानबुलमा सहमति भएको दस्तावेजका आधारमा वार्ता गर्न तयार छौँ", उहाँले भन्नुभयो। मस्कोले युक्रेनमा आक्रमण सुरु गरेलगत्तै रुस र युक्रेन सन् २०२२ को वसन्तमा एउटा सम्झौताको नजिकमा पुगेको क्रेमलिनले बारम्बार दाबी गरेको छ। "हामी एउटा सम्झौतामा पुग्न सफल भयौँ, कुरा यही हो, उक्त दस्तावेजमा हस्ताक्षर गर्ने युक्रेनी प्रतिनिधिमण्डलका प्रमुखको हस्ताक्षरले यसको प्रमाण दिन्छ, यसको अर्थ युक्रेनी पक्ष सामान्यतया सम्झौताहरूबाट सन्तुष्ट थियो", उहाँले भन्नुभयो, "उनीहरूलाई यस्तो नगर्न आदेश दिइएकाले सम्झौता लागु भएन किनकी संयुक्त राज्य अमेरिका, युरोप, केही युरोपेली मुलुकहरू रुसको रणनीतिक हार हासिल चाहन्थे।"

# हिन्दू किशोरको हत्यापछि 'कथित गौरक्षक' को सूची सङ्कलन गर्दै भारतीय प्रहरी

नयाँदिल्ली, २० भदौ (रासस/एएफपी)।

गाईको मासु तस्करी गरेको आरोपमा एक युवकको गोली हानेर हत्या भएपछि भारतीय प्रहरीले अनुसन्धानका लागि बिहीबार 'कथित गौरक्षक' को सूची सङ्कलन गरिरहेको बताएको छ। गत महिना उत्तरी हरियाणा राज्यमा १९ वर्षीय हिन्दू आर्यन मिश्राको हत्याले असामान्य आक्रोश निम्त्याएको छ। गाईलाई देशको हिन्दू बहुमतद्वारा भगवान्का रूपमा पूजा गरिन्छ र भारतीय राज्यहरूमा गाईको हत्यामा प्रतिबन्ध लगाइएको छ। अधिकारीहरूले गाईको हत्यामा संलग्न भएको आरोपमा मानिसहरूलाई आक्रमण गर्न 'गौरक्षक' को गिरोह बनाउने हिन्दू कट्टरपन्थीलाई नियन्त्रण गर्न असफल भएको आरोपको सामना गर्दै आएका छन्। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विगतमा गाईवस्तु व्यापारी र गाईको मासु खानेहरूमाथि हुने आक्रमणको आलोचना गर्नुभएको थियो। तर उहाँको सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) को हिन्दू राष्ट्रवादी अभियानले चरमपन्थीहरूलाई प्रोत्साहित गरेको आलोचकहरु बताउँछन्। कथित गौरक्षक समूहले गाईको मासु ओसारपसार गरेको विश्वासमा अगस्त २४ मा मिश्रको हत्या गरेको थियो। हत्याका सम्बन्धमा पाँच जनालाई पक्राउ गरिएको छ। प्रहरीले कथित गौरक्षकटोलीको गतिविधि ट्रयाक गर्न 'गौरक्षकहरूको सूची' तयार गरिरहेको हरियाणाका वरिष्ठ प्रहरी अधिकारी अमन यादवले बताउनुभयो।

# अनेरास्ववियू (क्रान्तिकारी) सप्तरीको ७ औं जिल्ला सम्मेलन सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २० भदौं ।**

माओवादी केन्द्र निकट अनेरास्ववियू (क्रान्तिकारी) सप्तरीको ७ औं जिल्ला सम्मेलनबाट कृष्ण कुमार रामको अध्यक्षतामा २५ सदस्यीय जिल्ला समिति निर्विरोध निर्वाचित भएको छ ।

समितिको उपाध्यक्षद्वयमा विकास मण्डल, कंचन ठाकुर, सचिवमा सन्तोष मंडल, सहसचिवद्वय अभैय यादव, रकिराज चौधरी निर्वाचित भएका छन । त्यस्तै सदस्यहरुमा प्रवेशराज आर्याल, पिंकी मण्डल, बबिता मण्डललगायत छन् ।

रन्जित मण्डलको अध्यक्षता तथा अनेरास्ववियू (क्रान्तिकारी) का केन्द्रिय उपमहासचिव तथा मधेस प्रदेस ईन्चार्य अनिल भगतको प्रमुख आतिथ्यमा सम्पन्न सम्मेलनमा मविव क्याम्पसका स्ववियुका सदस्य राकेश यादव, अनेरास्ववियू (क्रान्तिकारी) सप्तरीका पुर्व जिल्ला अध्यक्ष गजेन्द्र यादव लगायतले ७ औं जिल्ला सम्मेलनको सफलताको शुभकामना दिएका थिए ।

सो अवसरमा अनेरास्ववियू (क्रान्तिकारी) सप्तरीका पुर्व जिल्ला अध्यक्ष गजेन्द्र यादवलाई अनेरास्ववियू (क्रान्तिकारी) सप्तरीको ७ औ जिल्ला सम्मेलनको अध्यक्षता गरेका रञ्चित मण्डलले विदाई गरेका थिए ।

अनेरास्ववियू (क्रान्तिकारी) को २३ औ सम्मेलन अगामी असोज २, ३, ४, ५ र ६ गते काठमाडौंमा र मधेस प्रदेश सम्मेलन आउदो भदौ २७ र २८ गते महोत्तरीको बर्दिवासमा हुने जनाएको छ ।

# आमा छोराको हत्या

**दैनिक समाचारदाता**
**उदयपुर, २० भदौं ।**

उपयपुरको कटारी नगरपालिका- १० सोरुङ छविसेमा आमा छोराको हत्या भएको छ । वडा कार्यालय नजिकै किराना पसल गर्दै आएकी अन्दाजी ४० वर्षिया निर्मला थापा र उनका छोरा अन्दाजी छ वर्षिय आरुस थापाको बिहीबार बिहान पसलमै शव भेटिएको हो ।

वडाध्यक्ष क्षेत्रबहादुर खड्काका अनुसार बिहान पसलमा आउने ग्राहकहरुले आमाछोराको शव देखेका थिए । "आमाको शव भुईंमा घोप्टो परेको र छोराको खाटमा रगतमा डुबेको अवस्थामा फेला परको हो", वडाध्यक्ष खड्काले भने, "छोराको शवमा हतियार प्रहार गरेको चोटहरु देखिएको जानकारी आएको छ ।"

ईलाका प्रहरी कार्यालय कटारीका प्रहरी निरिक्षक उमेश महतोले बिहानै घटनाबारे जानकारी प्राप्त हुनासाथ प्रहरी घटनास्थल तर्फ पठाइसकेको बताए । प्रहरी निरिक्षक महतोले भने, "प्रहरी घटनास्थल पुग्नै लागेको छ । पुग्ने बित्तिकै अनुसन्धान सुरु गर्छौं ।"

घटनास्थल कटारी बजारबाट ३२ किलोमिटर उत्तरपहाडी भेगमा पर्दछ । वडाध्यक्ष खड्काका अनुसार मृतक निर्मला थापाका श्रीमान अशोक थापा दुईवर्ष अघि कान्छी श्रीमति लिएर भारततिर गएका थिए । उनले भने, "तीनसय मिटर पर मुल घर थियो बुधबाररराति चाहीँ पसलमै बास बसेका रहेछन्, त्यही बेला घटना घटेछ ।"

घटनास्थल पुग्नुभएका कटारी नगरपालिकाकी कार्यापालिका सदस्य गिताकुमारी गिरीले प्रहरी चौकी बतासेबाट प्रहरी आइपुगेको र अनुसन्धान प्रकृया अघि बढेको जानकारी दिए । स्थानीय दिपक राउतले बुधबार साँझ ८ बजेसम्म मुल घरको देवरहरुसँग मृतक निर्मलाको फोनमा कुरा भएको बताए ।

"साना साना देवरहरु थिए उनीहरुलाई बिहान आउँछौ भनेका थिए रे", राउतले भने, "बिहान घरमा खसी काट्ने सल्लाह थियो रे राति हत्या भएछ ।"बिहान घटनाबारे थाहा पाएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । तीज मनाउने तयारीमा रहेको गाउँमा हत्याको घटनापछी स्थानीयवासी शोकमा छन् ।

# संविधानविपरित अभिव्यक्ति दिने छुट कसैलाई छैन : अध्यक्ष दाहाल

काठमाडौँ, २० भदौ (रासस) ।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधानविपरीत अभिव्यक्ति दिने छुट कसैलाई नभएको बताउनुभएको छ । सहिदद्वय शेरमान कुँवर र मोहनचन्द्र गौतमको स्मृतिमा पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले संविधानविपरित अभिव्यक्तिको प्रतिवाद गर्न कार्यकर्तालाई आह्वान गर्नुभयो ।

जनयुद्धलाई संविधानले सशस्त्र सङ्घर्षका रुपमा सम्बोधन गरेको उल्लेख गर्दै अध्यक्ष दाहालले संविधानको व्याख्यात्मक टिप्पणीमा 'सशस्त्र सङ्घर्ष भनेर माओवादी जनयुद्धलाई बुझाउने छ' भनेर लेखिएको स्पष्ट पार्नुभयो । "व्याख्यात्मक टिप्पणीमा सबै दलहरुले हस्ताक्षर गरेका छन् । तर अहिले कतिपय सत्तारुढ दलका नेताहरुले जनयुद्धलाई हिंसा, हत्या, आतंक थियो भन्ने दुस्साहस गर्ने गरेका छन्", उहाँले भन्नुभयो, "संविधानविपरीत बोल्ने छुट कसैलाई पनिक छैन । संविधानमा भएको यथार्थलाई जोडदाररुपमा जनतामा लैजानुपर्छ ।"

जनयुद्धका सहिदलाई सम्मान गर्ने सवालमा पार्टीले निरन्तर काम गरिरहेको अध्यक्ष दाहालको भनाइ छ । पटकपटक सहिद घोषणा गरे पनि राजपत्रमा प्रकाशित नभएका कारण जनयुद्धका सहिदले राष्ट्रिय सहिदको मान्यता पाउन नसकेकाले पछिल्लोपटक आफू प्रधानमन्त्री भएको बेलामा पुराना निर्णयहरु खोजेर सहिदको नामावली राजपत्रमा प्रकाशित गरिएको उहाँले बताउनुभयो ।

"यो हामी सबैका लागि खुसी र गर्वको विषय हो । छुटेकालाई पनि केन्द्रित गर्ने प्रक्रिया त्यसमा बाँकी राखिएको छ", अध्यक्ष दाहालले भन्नुभयो, "पार्टीले सबै सहिदको एकैसाथ सम्झना गर्न जनयुद्धकालदेखि हरेक वर्ष फागुन १४ देखि २१ गतेसम्म सहिद सप्ताह मनाउने गरेको छ ।"

जनयुद्ध थालनी भएको दिन फागुन १ गतेको जनयुद्ध दिवसलाई राष्ट्रिय दिवसका रुपमा मनाउने मन्त्रिपरिषद्बाट निर्णय गरिएको भए पनि शान्ति प्रक्रिया अझै नटुङ्गिएको भनेर अदालतबाट रोकिएको प्रसङ्ग उल्लेख गर्दै अध्यक्ष दाहालले अब टिआरसी विधेयक पारित भएपछि जनयुद्धलाई राष्ट्रिय दिवसका रुपमा स्थापित गर्न रोक्न नहुने र त्यसका लागि अदालतले पुनःविचार गर्नेमा विश्वस्त रहेको बताउनुभयो ।

सो अवसरमा अध्यक्ष दाहाल, उपाध्यक्ष पम्फा भुसाल, महासचिव देवप्रसाद गुरुङ, सचिव देवेन्द्र पौडेललगायत नेता कार्यकर्ताले सहिदद्वय कुँवर र गौतमको तस्वीरमा माल्यार्पण गर्नुभएको थियो ।

# 'शिक्षा क्षेत्रका समस्या समाधान सरकारको पहिलो प्राथमिकतामा'

काठमाडौँ, २० भदौ (रासस) ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले मुलुकको शिक्षा क्षेत्रमा देखिएका समस्या समाधान गर्नु सरकारको पहिलो प्राथमिकता रहेको बताउनुभएको छ ।

डिल्लीबजार कन्या बहुमुखी क्याम्पसको ४३औँ वार्षिकोत्सव एवं पुरस्कार वितरण समारोहमा मन्त्री भट्टराईले शिक्षा क्षेत्रमा समस्या देखाउनुभन्दा समाधान खोज्नतर्फ सरकार लागेको उल्लेख गर्नुभयो । हरेक नागरिकलाई शिक्षा दिनु राज्यको पहिलो दायित्व भएकाले सरकार आफ्नो जिम्मेवारी पूरा गर्न लागेको उहाँको भनाइ छ ।

मन्त्री भट्टराईले समस्याका रुपमा रहेको नेपालको शिक्षा प्रणालीलाई समाधानमुखी बनाउन सरकार योजनाबद्ध रुपमा लागिरहेको स्पष्ट पार्नुभयो । उहाँले नेपालको शिक्षा क्षेत्रको सुधारका लागि बौद्धिक समाजबाट प्राप्त राय, सुझावलाई ग्रहण गरेर सरकार अगाडि बढिरहेको बताउनुभयो । उहाँले शिक्षा क्षेत्रको विकास गर्दा वर्तमानसँगै भाबी पुस्ताका बारेमा समेत सोच्नुपर्ने बेला आएको उल्लेख गर्नुभयो ।

विश्वविद्यालयको स्वायत्ततामाथि सरकारले हस्तक्षेप गर्न नहुने मन्त्री भट्टराईको भनाइ छ । उच्च शिक्षाको विकासका लागि विभिन्न समयमा विभिन्न सरोकार भएकाले दिएका राय, सुझावलाई समेटेर एकीकृत योजना बनाई अगाडि बढ्नुपर्ने उहाँले धारणा राख्नुभयो ।

बागमती प्रदेशका सदस्य दीपेन्द्र श्रेष्ठले मुलुकको शिक्षा क्षेत्रमा ठूलो सुधारको खाँचो रहेको बताउनुभयो । पूर्वमन्त्रीसमेत रहनुभएका उहाँले आगामी दिनमा शिक्षालाई प्रविधितर्फ जोडेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष डा रुद्र शर्माले क्याम्पसले सामाजिक उत्तरदायित्वको कार्यक्रमअन्तर्गत छात्रालाई निःशुल्क अध्यापन गराउँदै आएको जानकारी दिनुभयो । क्याम्पस प्रमुख अपराजिता अर्यालले नारी शिक्षाको क्षेत्रमा चार दशकदेखि निरन्तर रुपमा लागेको डिल्लीबजार कन्या क्याम्पसमा हाल आठ सयभन्दा बढी छात्रा अध्ययनरत रहेका जानकारी दिनुभयो ।

कार्यक्रममा विशिष्ट प्राज्ञिक सम्मानबाट समाजशास्त्र विषयमा विद्यावारिधि हासिल गर्नुभएका सोही क्याम्पसका प्राध्यापक डा हरिहर घिमिरे र डा आनन्द पन्तलाई सम्मान गरिएको थियो । साथै क्याम्पसले उत्कृष्ट कर्मचारी तथा विद्यार्थीलाई समेत सम्मान गरेको थियो ।

*यूवकको...*

मनिरलाई अस्पताल आए लगत्तै उपचार सुरु गरिएको र उपचारमा कुनै लापरवाही नगरिएको दाबी गरेको छ । एकातिर छातीमा अत्याधिक संक्रमण अर्कोतिर उपचारका लागि ढिलो आउँदा पनि बचाउन नसकिएको चिकित्सकहरुको भनाई छ ।

# 'विद्यार्थीलाई प्राविधिक शिक्षा आवश्यक'

वीरगञ्ज (पर्सा), २० भदौ (रासस) ।

खानेपानीमन्त्री प्रदीप यादवले मुलुकलाई समृद्ध र सक्षम बनाउन शिक्षित र सक्षम युवा पुस्ताको विकास गर्नुपर्ने बताउनुभएको छ । वीरगञ्ज महानगरपालिका-३० वडा कार्यालयले बिहीबार यहाँ आयोजना गरेको 'एसइई पास गरेका छात्रालाई कम्प्युटर वितरण तथा शिक्षक सेवा आयोग उत्तीर्ण विद्यार्थीलाई सम्मान' कार्यक्रममा बोल्दै उहाँले नयाँ पुस्ताका विद्यार्थीलाई प्राविधिक शिक्षामा अग्रसर गराउन आवश्यक देखिएको बताउनुभयो ।

"युवा पुस्ताका विद्यार्थीको सशक्तीकरण प्राविधिक शिक्षाबाट मात्रै सम्भव छ," मन्त्री यादवले भन्नुभयो, "भविष्यको कर्णाधारलाई प्रविधिको पहुँच दिलाउने कार्यक्रम जरुरी छ ।" मन्त्री यादवले समाजको विकासका लागि शिक्षामा लगानी गर्नु आवश्यक भएको उल्लेख गर्दै वर्तमान सरकारले शिक्षा र प्रविधिमा पहुँच अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरेको जानकारी दिनुभयो ।

वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले प्रविधिमा पहुँचले विद्यार्थीको भविष्यलाई उज्यालो बनाउन मद्दत पुग्ने बताउनुभयो । वडा नं ३० का वडाध्यक्ष मनोजकुमार यादवले वडाले शिक्षामा नयाँ प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै आइरहेको सुनाउनुभयो ।

सो अवसरमा गत वर्षको एसइईमा उत्तीर्ण वडा नं ३० का २६ छात्रालाई कम्प्युटर वितरण गरिएको थियो । त्यस्तै शिक्षक सेवा आयोगको परीक्षामा उत्तीर्ण भई पदस्थापन भएका दुई जनालाई ल्यापटप र वडाको विभिन्न स्वास्थ्य संस्थामा कार्यरत नौ जना स्वास्थ्य स्वयम्सेविकालाई स्मार्ट फोन वितरण गरिएको वडाध्यक्ष यादवले जानकारी दिनुभयो ।


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउके दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : रुपनी गाउँपालिका, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*